आ.ब.२०८१/८२ को दोस्रो कार्यपालिका बैठक भाद्र १८, २०८१, ने.स. ११४४, गुंलागा, औसी, मंगलबार

आज मिति २०८१ भाद्र १८ गते मंगलवारका दिन यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा नगरकार्यपालिकाको आ.व. २०८१/८२ को दोस्रो बैठक बसी देहाय बमोजिमको निर्णयहरु पारित गरियो ।

| क.स | पद | नाम थर | हस्ताक्षर | कै. |
|---|---|---|---|---|
| १ | प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २ | उपप्रमुख | श्री मुरारी तामाङ | | |
| ३ | सचिव / प्रमुख प्रशासकीय अधिकृत | श्री शेर बहादुर बि.सी. | | |
| ४ | वडा अध्यक्ष | श्री रमेश कुमार लामिछाने | | |
| ५ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (२) | | |
| ६ | वडा अध्यक्ष | श्री रमेश डंगोल | | |
| ७ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (४) | | |
| ८ | वडा अध्यक्ष | श्री मदन गुरुङ | | |
| ९ | वडा अध्यक्ष | श्री शान्ता खनाल पौडेल | | |
| १० | वडा अध्यक्ष | श्री नरोत्तम राना | | |
| ११ | वडा अध्यक्ष | श्री रमेश खत्री | | |
| १२ | वडा अध्यक्ष | श्री रामभक्त घिमिरे | | |
| १३ | वडा अध्यक्ष | श्री मचाकाजी महर्जन | | |
| १४ | वडा अध्यक्ष | श्री घनश्याम खड्का | | |
| १५ | न.का.स | श्री सुनिता श्रेष्ठ परियार नेपाली | | |
| १६ | न.का.स | श्री सायरा परियार | | |
| १७ | न.का.स | श्री जगतमाया प्रजापती महर्जन | | |
| १८ | न.का.स | श्री लिलादेवी अधिकारी | | |
| १९ | न.का.स | श्री शान्ता राई | | |
| २० | न.का.स | श्री प्रेम कुमार सुनुवार | | |
| २१ | न.का.स | श्री सरिता घले | | |
| २२ | न.का.स | श्री वच्चुराज वस्याल | | |

Scanned with CamScanner

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्वन्धमा | अघिल्लो नगर कार्यपालिका बैठकले पारित गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे छलफल र समिक्षा गरियो । |
| २ | आ.ब. २०८१/८२ को बार्षिक खरिद योजना तथा कार्यान्वयन कार्य योजना सम्वन्धमा | आ.ब. २०८१/८२ को लागि नगरसभाबाट स्वीकृत आयोजना तथा कार्यक्रम कार्यान्वयनको लागि यसै साथ संलग्न बार्षिक खरिद योजना तथा कार्यान्वयन कार्ययोजना स्वीकृत गरी लागू गर्न नगरपालिका प्रशासनलाई निर्देशन दिने। |
| ३ | स्थानीय भूउपयोग वर्गीकरण सम्वन्धमा | भूउपयोग ऐन,२०७६ तथा भूउपयोग नियमावली,२०७९ वमोजिम टोखा नगरपालिका भित्रको भूउपयोग क्षेत्र बर्गीकरणका लागि यस नगरपालिकासंग बिज्ञता नभएकोले १५ औं नगरसभाको सि.नं. २७४ मा विनियोजित रकम मध्येबाट परामर्श सेवा खरिदको लागि नियमानुसार प्रकृया अगाडि बढाउने । |
| ४ | टोखा संस्कृति संरक्षित क्षेत्र विकास समिति गठन आदेश,२०७५ को समिति पुनर्गठन सम्वन्धमा | टोखा संस्कृति संरक्षित क्षेत्र विकास समिति गठन आदेश,२०७५ को दफा ३ को उपदफा(३) बमोजिम साविकमा गठन भएको समितिका पदाधिकारीहरुको पदावधि समाप्त भएकोले ऐ.ऐनको दफा ३(२) बमोजिम तपशिलका पदाधिकारीहरु रहनेगरी समिति पुनर्गठन गर्ने:<br>श्री गणेशमान श्रेष्ठ- अध्यक्ष<br>श्री दिपेन्द्र डंगोल- सदस्य( वडा नं. २ का वडाध्यक्षले तोकेको व्यक्ति)<br>श्री अष्ट श्रेष्ठ- सदस्य ( वडा नं. ३ का वडाध्यक्षले तोकेको व्यक्ति)<br>श्री सायरा परियार — सदस्य (सामाजिक विकास समिति संयोजक)<br>श्री हेराकाजी डंगोल- सदस्य ( नगर प्रमुखबाट मनोनित)<br>श्री मिरा डंगोल- सदस्य ( नगर प्रमुखबाट मनोनित)<br>श्री रविना श्रेष्ठ- सदस्य सचिव |
| ५ | Ring Road Area संग जोडिएका वडाहरु (५,७,९ र १०) मा FAR न्यूनतम २.७५ गर्ने सम्वन्धमा | यस नगरपालिका वडा नं. ५,७,९ र १० का वडाहरुको क्षेत्र भित्र नक्सापास प्रयोजनको लागि FAR न्यूनतम् २.७५ कायम गर्ने । |
| ६ | सवारी साधन संचालनको समय निर्धारण सम्वन्धमा | वडा नं. १० को सामाखुशी चोक देखि टोखा प्रहरी प्रभाग सम्मको मूल सडक, वसुन्धरा चोकबाट दाहालगौडा हुदै कृष्णमन्दिर/ग्रीनल्याण्ड चोक सम्म विहान ८ बजे देखि ११ बजे सम्म र वेलुका ४ बजे देखि ७ बजे सम्म हेभी गाडी (माल वाहक ट्रक, टिपर, पानी टयाङ्कर) प्रवेश निषेधको लागि नेपाल प्रहरी, ट्राफिक प्रहरी, नगरप्रहरी वल समेतको समन्वयमा सडक प्रवेशको मुख्य मुख्य चोकहरुमा ट्राफिक संकेतहरु/ सूचना बोर्डहरु राखी कार्यान्वयन गर्ने ।ट्राफिक नियम |

Scanned with CamScanner

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | उल्लघंन गरेको पाईएमा पहिलो पटक रु ५ सय, दोश्रो पटक रु १ हजार र सो भन्दा पछि प्रत्येक पटक रु १५ सय जरिवाना तोक्ने । |
| ७ | स्थानीय भाषा कार्यान्वयन,अनुगमन तथा सहजिकरण समिति सम्वन्धमा | टोखा नगरपालिकाबाट लागू भएको स्थानीय भाषा कार्यान्वयनमा सहजिकरण गर्न तपशिल बमोजिमको कार्यदल गठन गर्ने ।<br>संयोजक- श्री श्रीकृष्ण मानन्धर<br>सदस्य- श्री दीपेन्द्र श्रेष्ठ<br>सदस्य- श्री रविना श्रेष्ठ<br>सदस्य- श्री पद्म कुमारी श्रेष्ठ<br>सदस्य- श्री राम डंगोल<br>सदस्य- श्री प्रशान्त डंगोल<br>सदस्य- श्री कृतन श्रेष्ठ<br>सदस्य- वडा प्रतिनिधि ( वडा नं. २ र ३ बाट एक/एक जना)<br>सदस्य सचिव- नगरपालिका शिक्षा शाखाका अधिकृत |
| ८ | टोखा नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम संलग्न निर्माण व्यावसायीहरुलाई 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने । | (तलको तालिका हेर्नुहोस्) |

| सि.नं. | निर्माण व्यावसायीको नाम | व्यावसाय रहने वडा नं. | कै. |
|---|---|---|---|
| १. | पिनासा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | टोखा-१० | |
| २. | टि.हब.ईन्जिनियरिङ् एण्ड कन्स्ट्रक्सन प्रा.लि. | टोखा-६ | |
| ३. | मान्भि कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | टोखा-३ | |
| ४ | एलाइन ग्रुप अफ इन्जिनियर्स प्रा.लि | टोखा-६ | |
| ५ | अल्फालिंक बिल्डर्स प्रा.लि. | टोखा-८ | |
| ६ | टुइन्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | टोखा-६ | |
| ७ | डि.बि.वज्र कन्स्ट्रक्सन प्रा.लि. | टोखा-१० | |
| ८ | ए.जे.सुन्दरादेवी कन्स्ट्रक्सन प्रा.लि. | टोखा-८ | |
| ९ | नभ्यता कन्स्ट्रक्सन प्रा.लि. | टोखा-८ | |
| १० | यू.आर.एन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | टोखा-१० | |
| ११ | भूमेश्वरी निर्माण सेवा प्रा.लि. | टोखा-१० | |
| १२ | एस.एस.जि.कन्स्ट्रक्सन एण्ड सप्लायर्स कम्पनि प्रा.लि. | टोखा-१० | |
| १३ | परिशा एण्ड कम्पनि प्रा.लि. | टोखा-१० | |
| १४ | जेनिथा नेपाल इन्जिनियरिङ्ग एण्ड कन्सल्ट्स प्रा.लि. | टोखा-६ | |
| १५ | राईट ब्रदर्श कन्स्ट्रक्सन प्रा.लि. | टोखा-१० | |
| १६ | क्राफ्ट बिल्डर्स प्रा.लि. | टोखा-१० | |
| १७ | एक्सिलरेट बिल्डर्स प्रा.लि. | टोखा-१० | |

Scanned with CamScanner

| क.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | १८ देवीप्रसाद कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. टोखा-८<br>१९ संगम बिल्डर्स एण्ड ईन्जिनियरिङ्ग प्रा.लि. टोखा-११<br>२० जोफिया कन्स्ट्रक्सन प्रा.लि. टोखा-१०<br>२१ इन्फ्राटेक कन्स्ट्रक्सन प्रा.लि. टोखा-१०<br>२२ जि.एन.शर्मा ग्रुप प्रा.लि टोखा-१०<br>२३ थ्रि.जे.कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. टोखा-३<br>२४ बिम्बाकाश कन्स्ट्रक्सन एण्ड कन्सल्टिङ्ग प्रा.लि. टोखा-१० |
| ९ | विविध | १. टोखा नगरपालिकाको आर्थिक ऐन,२०८१ (राजस्व) र अन्य सेवा प्रवाह सम्वन्धी सरोकारवाला कर्मचारी तथा जनप्रतिनिधिहरु सम्मिलित तालिम २०८१ श्रावण ५ र ६ गते पार्क भिलेज होटलमा आयोजना भएकोले सो कार्यक्रमलाई अनुमोदन गर्ने ।<br>२. प्यानरोमा रियल स्टेट प्रा.लि.बाट टोखा नगरपालिका वडा नं. २ स्थित पन्चेटारमा निर्माण तथा संचालन हुने पन्चेटार नगर कोलोनी आयोजनाको प्रारम्भिक वातावरणिय परीक्षण कार्यको लागि तयार गरिएको कार्य सूचि तथा TOR स्वीकृत गर्ने ।<br>३. टोखा नगरपालिका वडा नं. ४ साविक धापासी गाउँ विकास समिति वडा नं. १ सिट नं. १०२-०९४६-०४ अन्तर्गत कि.नं. ३७,३८,१६५,२०४ र २९४ को सार्वजनिक जग्गामा धापासी मा.वि.को भवन निर्माण भएको र भोगचलनमा रहेकोले उक्त जग्गा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्वन्धी कार्यनीति, २०७९ बमोजिम धापासी मा.वि.को नाममा लिजमा प्राप्त गर्ने प्रकृया अघि वढाउन जिल्ला प्रशासन कार्यालय लगायत अन्य निकायहरुलाई सिफारिस गर्ने ।<br>४. संविधान दिवस तथा राष्ट्रिय दिवस,२०८१ मूल समारोह समितिको बैठकबाट अनुमोदित कार्यक्रम सहित संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८१ असोज २,३ र ४ गते तिन दिन सम्म टोखा नगरपालिका भरी भव्यताका साथ मनाउने । असोज ३ गते नगरपालिकाको मौलिक साँस्कृतिक झाँकी सहित नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी एवं नगरवासीको टोली टुडीखेलमा हुने कार्यक्रममा सहभागि हुने ।<br>५. टोखा नगरपालिका वडा नं. ११ स्थित गोरखकाली मन्दिर पुनर्निर्माण कार्य सम्पन्न भई यहि मिति २०८१ श्रावणमा सम्वन्धित वडा कार्यालयको आयोजना तथा व्यवस्थापनमा उक्त मन्दिर समुद्घाटन कार्यक्रम सम्पन्न भएकोले सम्वन्धित वडाका वडाध्यक्षबाट प्रमाणित कार्यक्रममा सहभागिहरुको उपस्थिति पुस्तिका, खर्चका विल भर्पाई, खर्चको शिर्षकगत विवरण खुल्ने कार्यक्रम सम्पन्न प्रतिवेदन,वडा समितिको निर्णय, कार्यक्रमको फोटोहरु, वडा कार्यालयको भुक्तानीका लागि सिफारिस पत्र समेतका कागजातहरु संलग्न भए |

Scanned with CamScanner

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | पश्चात सम्वन्धित वडाका वडा सचिवलाई कार्यक्रममा भएको खर्च वापत अधिकतम् रु. २ लाख ५० हजार, १५ औं नगरसभाको सि.नं. २६२ मा विनियोजित रकम मध्येबाट भुक्तानी उपलव्ध गराउने ।<br>६. वडा नं. ३ वस्ने सरिता श्रेष्ठलाई मृगौला सम्वन्धि रोगलागि अस्पतालमा उपचाररत रहेको र निजको आर्थिक अवस्था कमजोर रहेकोले निजका श्रीमान महेश श्रेष्ठलाई औषधि उपचार खर्च वापत रु. ४० हजार, १५औं नगरसभाको सि.नं. २६० मा विनियोजित रकम मध्येबाट उपलव्ध गराउने ।<br>७. वडा नं. १ वस्ने ठूलोभाई बजगाईलाई फोक्सो सम्वन्धि रोगलागि अस्पतालमा उपचाररत रहेको र निजको आर्थिक अवस्था कमजोर रहेकोले निज वा निजको परिवारका सदस्यलाई औषधि उपचार खर्च वापत रु. ३० हजार, १५औं नगरसभाको सि.नं. २६० मा विनियोजित रकम मध्येबाट उपलव्ध गराउने ।<br>८. वडा नं ६ वस्ने प्रवल वोम्जन लामालाई एपिंडिक्स भएर अप्रेशन गरी कान्ती असपतालमा उपचाररत रहेको र निजको आर्थिक अवस्था कमजोर रहेकोले निजको पिता प्रविन लामालाई औषधि उपचार खर्च वापत रु. ३० हजार, १५औं नगरसभाको सि.नं. २६० मा विनियोजित रकम मध्येबाट उपलव्ध गराउने ।<br>९. वडा नं.२ स्थित सपनतिर्थ मन्दिर देखि बज्रयोगिनी जाने सडक ग्राभेलिङ्ग/मर्मत गर्ने कार्यको लागि आयोजना स्वीकृत गरी १५औं नगरसभाको सि.नं.२६३ मा विनियोजित रकम मध्येबाट रु. २ लाख विनियोजन गरी कार्यान्वयन प्रकृया अगाडि बढाउने ।<br>१०.वडा नं. ३ स्थित जालुपादेवी क्रियापुत्री भवन परिसरमा रहेको सडक ग्राभेलिङ्ग/मर्मत गर्ने कार्यको लागि आयोजना स्वीकृत गरी १५औं नगरसभाको सि.नं. २६३ मा विनियोजित रकम मध्येबाट रु. ३ लाख विनियोजन गरी जालपादेवी टोल विकास संस्था मार्फत कार्यान्वयन प्रकृया अगाडि बढाउने ।<br>११.वडा नं. २ स्थित देरचामा भासिएको सडक मर्मत कार्यको आयोजना स्वीकृत गरी १५ औं नगरसभाको सि.नं. २६३ मा विनियोजित रकम मध्येबाट रु. २ लाख ५ हजार विनियोजन गरी नासलचोक उपभोक्ता समिति मार्फत कार्यान्वयन प्रकृया अगाडि बढाउने ।<br>१२.वडा नं. ३ स्थित बखुन्डोल क्षेत्रमा ढल निर्माण कार्यको आयोजना स्वीकृत गरी स्थानीय उपभोक्ताको ४० प्रतिशत र नगरपालिकाको ६० प्रतिशत लागत सहभागिता हुनेगरी १५ औं नगरसभाको सि.नं. १०७२ मा विनियोजित रकम मध्येबाट रु. ७ लाख ५० हजार रकम विनियोजन गरी कार्यान्वयन प्रकृया अगाडि बढाउने ।<br>१३.टोखा नगरपालिका वडा नं. ९ स्थित जयमहाँकाल युवा समूहलाई भोकालाई भोजन प्यासीलाई पानी अभियान मार्फत सामाजिक र मानवीय क्रियाकलाप |

Scanned with CamScanner

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | संचालनार्थ आर्थिक सहायता बापत १५ औं नगरसभाबाट स्वीकृत सि.नं. २२५२२ मा विनियोजित रकम मध्येबाट रु. २५ हजार उपलव्ध गराउने ।<br>१४. वडा नं. २ स्थित तिल्वक सपनतिर्थ सडकमा खानेपानी पाईपलाईन विस्तारको आयोजना स्वीकृत गरी नगरसभाको १५ औं अधिवेशनबाट स्वीकृत सि.नं. २७७ मा विनियोजित रकम मध्येबाट रु. ७ लाख २५ हजार विनियोजन गरी उपभोक्ता समिति मार्फत कार्यान्वय प्रकृया अगाडि बढाउने ।<br>१५.वडा नं. ८ स्थित साङ्गलेखोला डिप वोरिङ्ग भएको स्थानबाट जालपाचोक सम्म खानेपानी पाईपलाईन विस्तारको आयोजना स्वीकृत गरी नगरसभाको १५ औं अधिवेशनबाट सि.नं. २७७ खानेपानी संरचना निर्माण तथा पाईपलाईन विस्तार मर्मत ( आवश्यकता अनुसार विभिन्न स्थानमा) मा विनियोजित रकम मध्येबाट काठमाडौं उपत्यका खानेपानी लिमिटेडबाट स्वीकृत लागत अनुमान बमोजिम रु. ४०५६५८.५७ विनियोजन गरी टोखा नगरपालिका अनुदान व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६ बमोजिम प्रचलित कानुन अनुसार खर्च गरी सो को कार्य सम्पन्न प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, लगायतका कागजातहरु पेश गर्ने गरी काठमाडौं उपत्यका खानेपानी लि. महाराजगञ्जलाई अनुदान निकासा उपलव्ध गराउने ।<br>१६.वडा नं. ८ स्थित दुप्चेश्वर टोलमा निर्माण भएको ज्येष्ठ नागरिक तथा बालमैत्री पार्कमा सिजनेवल वोट विरुवा रोपण कार्यको कार्यक्रम स्वीकृत गरी नगरसभाको १५ औं अधिवेशनबाट सि.नं. २७२ पार्क पूर्वाधार निर्माण एवं पानी पुनभरण पोखरी निर्माणमा विनियोजित रकम मध्येबाट रु. १ लाख ५० हजार विनियोजन गर्ने ।<br>१७. नगरक्षेत्र भित्रको सार्वजनिक जग्गा, करिडोर लगायतका जग्गा नापजाँचमा खटिने प्राविधिक टोलीलाई कामको जोखिम तथा अतिरिक्त समय खटिएवापत सम्वन्धित वडा कार्यालय/ सार्वजनिक जग्गा संरक्षण समितिबाट सिफारिस भएको अतिरिक्त समय खटिएको प्रमाणित हुने कागजात तथा सम्वन्धित नापी टोलीले पेश गरेको नापजाँच प्रतिवेदन समेतको आधारमा प्रतिदिन प्रतिव्यक्ति रु १५००/- भत्ता उपलव्ध गराउने ।<br>१८.नगरपालिका भरीका अव्यवस्थित तार व्यवस्थापन कार्यमा खटिने व्यक्तिहरुलाई खाजा खर्च वापत खटिएको दिनको प्रतिदिन रु. २००/- का दरले खाजा खर्च वापत उपलव्ध गराउने ।<br>१९. टोखा-साँखु नगर साँस्कृतिक मैत्री सम्वन्ध स्थापनार्थ यहि मिति २०८१ भाद्र २२ गते शंखरापुर नगरपालिकाको टोली सहितको साँस्कृतिक कार्यक्रम ( प्याँख प्रस्तुती)को लागि सम्वन्धित वडा कार्यालय मार्फत आवश्यक खर्च गर्ने गरी वडा नं. २ का वडा सचिवलाई रकम उपलव्ध गराउने गरी १५ औं नगरसभाको सि.नं. २६२ मा विनियोजित रकम मध्येबाट रु. १ लाख विनियोजन गर्ने । |

Scanned with CamScanner

| क.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | २०. नगरसभाबाट स्वीकृत नीति बमोजिम नगरपालिकालाई सम्पतिकर/ बहाल कर तिर्ने करदातासंगको लागत साझेदारीमा पारिवारिक स्वास्थ्य बीमा गर्न आवश्यक कार्यविधिको मस्यौदा तयार गर्न सुशासन तथा सामाजिक विकास समितिलाई निर्देशन दिने ।मस्यौदा तयार भए पश्चात विधायन समितिमा छलफल गरी नगरकार्यपालिकामा पेश गर्ने ।<br>२१. नगरसभाको निर्णय नं. ४४ मा टोखा नगरपालिका भित्र स्थायी वसोवास गर्ने (नागरिकता प्रमाणपत्रमा स्थायी ठेगाना टोखा नगरपालिका अन्तर्गत उल्लेख भएको वा वसाई सराई प्रमाणपत्र वा विवाह दर्ता प्रमाणपत्र को आधारमा) व्यक्तिको मृत्यु भएमा मृतकका परिवारलाई राहत उपलब्ध गराउने सम्वन्धी निर्णय कार्यान्वयनको लागि आवश्यक कार्यविधिको मस्यौदा तयार गर्न सुशासन तथा सामाजिक विकास समितिलाई निर्देशन दिने ।मस्यौदा तयार भए पश्चात विधायन समितिमा छलफल गरी नगरकार्यपालिकामा पेश गर्ने ।<br>२२.वडा नं. १ को आयोजनामा हुने तिज विशेष कार्यक्रमका लागि वडा सचिव मार्फत खर्च हुने गरी १५ औं नगरसभाको सि.नं. २६२ मा विनियोजित रकम मध्येबाट रु. १ लाख ५० हजार विनियोजन गर्ने ।<br>२३.श्रीकृष्ण मन्दिर धापासीको श्रीकृष्ण जन्माष्टि पर्वमा विविध कार्यक्रम संचालन वापत श्रीकृष्ण धार्मिक संघलाई १५ औं नगरसभाको सि.नं. २६२ मा विनियोजित रकम मध्येबाट रु .२५ हजार भुक्तानी उपलव्ध गराउने ।<br>२४.गोगंवुँ नेवाःपुचःको आयोजनामा श्रीकृष्ण जन्माष्टिम पर्वमा विविध कार्यक्रम संचालन वापत गोगंवुँ नेवाःपुचलाई १५ औं नगरसभाको सि.नं. २६२ मा विनियोजित रकम मध्येबाट रु .२५ हजार भुक्तानी उपलव्ध गराउने ।<br>२५. शहरी विकास तथा भवन निर्माण विभागको मिति २०८१-२-३२, च.नं. १६४ को पत्रानुसार JICA को प्राविधिक सहयोगमा संचालित The Project For Promotion of Nepal National Building Code for Safer Building Construction आयोजना अन्तर्गत परिमार्जित भवन निर्माण कार्यविधि (BCWP) / e-BPS को यस कार्यालयमा सहजिकरण गर्नको लागि यस नगरपालिकामा खटिएका ई.श्री सुजु वाग्लेको विभागबाट गरिएको सम्झौता मिति २०८१-२-२८ देखि अन्त्य भएको तर निजलाई यस नगरपालिकाबाट सो अवधि पश्चात समेत निरन्तर काममा लगाईएकोले निजलाई २०८१ असार र श्रावण महिनाको पारिश्रमिक (अधिकृत छैटौं तहको प्रथम स्केल सरह हुने गरी) यस कार्यालयबाट उपलव्ध गराउने।<br>२६. वडा नं.२ स्थित चण्डेश्वरी मन्दिर परिसर निर्माण एवं वडा नं. ६,७ र ८ को भाग ग्रीनल्याण्ड चोक/एरिया मा वस्ती/सडक डुवान नियन्त्रणको लागि ढल निर्माण सम्वन्धी विस्तृत परियोजन प्रतिवेदन (DPR) तयारी नियमानुसार प्रकृया अगाडि बढाउने ।<br>२७.वडा नं. १ स्थित बदेली खोला जयराम काफ्लेको घर/ बाटो आसपास खोला |

Scanned with CamScanner

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | संरक्षण कार्यको आयोजना स्वीकृत गरी १५ औं नगरसभाको सि.नं.२७६ मा विनियोजित रकम मध्येबाट रु २ लाख विनियोजन गर्ने ।<br>२८.वडा नं. ६ कुंवर कोलनी पछाडी सामुदायिक वन पहिरो नियन्त्रण कार्यको आयोजना स्वीकृत गरी १५ औं नगरसभाको सि.नं. २७५ मा विनियोजित रकम मध्येबाट रु ५ लाख विनियोजन गर्ने ।<br>२९.महिला स्वास्थ्य स्वंयम सेविकाको तिज विशेष कार्यक्रम संचालनलाई कार्यक्रम खर्च शिर्षकबाट रु ५० हजार विनियोजन गरी भुक्तानी उपलव्ध गराउने ।<br>३०.गत आ.ब.मा भएको शैक्षिक भ्रमणको भुक्तानी वाँकी रकम रु. ८९६०९/- (विल बमोजिम) हिमालयन भेईकललाई १५ औं नगरसभाको सम्वन्धित खर्च शिर्षकबाट भुक्तानी उपलव्ध गराउन नगरपालिकालाई निर्देशन दिने ।<br>३१.टोखा नगरपालिकाबाट तयार हुदै गरेको नगरगान छनौट समितिलाई प्रतिव्यक्ति रु . ३० हजार पारिश्रमिक उपलव्ध गराउने । |

Scanned with CamScanner CamScanner